# केन्द्र: यातायात

हामीलाई तपाईंको स्वास्थ्यसँग सरोकार छ, सोहि कारणले तपाईंको सुविधामा तपाईंको Oregon Health Plan (OHP) ले कभर गर्ने स्वास्थ्य सम्वन्धि अपोइन्टमेन्ट र सेवाहरु लिन जानको लागी यातायातको सहयोग पनि पर्छ । यदि तपाईंको लागि कभर गर्ने स्वास्थ्य सेवा लिन जान कुनै पनि साधन छैन भने, हाम्रो पार्टनर **Ride to Care** तपाईंलाई त्यहाँ सम्म लगिदिन सक्छ ।

## अपोइन्टमेन्टहरुमा पुग्ने तिन उपायहरु

**Ride to Care को ग्राहक सेवाको टिमले तपाईंसँग मिलेर तपाईंको आवश्यकता पुरा गर्ने सबै भन्दा सजिलो र सस्तो यातायातको उपाय पत्ता लगाउँछन् |**

### सार्वजनिक यातायात

हामी दैनिक वा मासिक ट्रान्जिट पासहरु प्रदान गर्छौं। हामी तपाईंको अपोइन्टमेन्टहरुको बारेमा छलफल गर्छौं र तपाईंको डाक्टरलाई भेट्ने मितिहरूको लागि दैनिक वा मासिक पास उपयुक्त हुन्छ, सो को निर्णय गर्छौं।

### पैसा फिर्ता

तपाईंको स्वास्थ्य सेवाको लागि हुने यातायातको लागि हामी प्रति माइल दरमा माइलेज तिर्छौं। तपाईं आफै गाडी चलाउन सक्नुहुन्छ, वा अन्य कोहिले तपाईंलाई लगिदिन सक्छन।। फिर्ता हुने रकम प्रि पेड डेबिट कार्डमा लोड गरिएको हुन्छ।

### गाडीले यातायात पुर्याईदिने

हामी निजि वा बाँडेर यातायात सेवा प्रदान गर्न सक्छौं। तपाईंको स्वास्थ्य आवश्यकता हेरेर हामी सदन, व्हिलचेयर भ्यान, स्ट्रेचर भएको गाडी, वा इमर्जेन्सी नभएको याम्बुलेंस पठाउँछौं।

तपाईंको सोहि दिन वा अर्को दिनको लागि यातायात माग्ने अधीकार छ। तैपनि, यदि तपाईं ले छोटो समयमै गाडीको माग गर्नु भयो भने, र यातायातको माग पनि बढी छ भने, हामी तत्काल स्वास्थ्य सेवाको आवश्यकता भएको मागलाई प्राथमिकता दिन्छौं।

**Ride to Care मा 855-321-4899 वा TTY 711 मा फोन गरि थप जन्नुहोस |**

**Ride to Care मा 855-321-4899 वा TTY 711 मा** फोन गरि तपाईंको लागि कुन सेवा उपयुक्त हुन्छ बुझ्नुहोस् । तपाईंले हरेक चोटी फोन गर्दा हामी तपाईं र तपाईंले लिन चाहनुभएको यातायात सेवाको बारेमा प्रश्नहरु सोध्छौं । सम्भव भएसम्म, तपाईंको यातायातको बारेमा छलफल गर्न र सोको समय तय गर्न कृपया हामीलाई तपाईंको स्वास्थ्य सेवाको अपोइन्टमेन्ट भन्दा कम्तिमा दुइ दिन अघि फोन गर्नुहोस । तपाईंले ९० दिन सम्म अगाडी नै यातायात तय गर्न सक्नुहुन्छ ।

**यदि तपाईंको कुनै प्रश्नहरु भए, CareOregon को ग्राहक सेवामा 800-224-4840 मा फोन गर्नुहोस ।**

careoregon.org

health share
Health Share of Oregon

CareOregon

# यातायात एक सेवा हो जुन CareOregon, जुन तपाईंको स्वास्थ्य बिमक हो यसले प्रदान गर्छ | हामी बारे थप यहाँ बुझ्नुहोस् ।

जब मानिसहरुले ओरेगनमा मेडिकेडको बारेमा कुरा गर्छन, तपाई ले उनीहरुले बिभिन्न नामहरु वा अक्षरहरु भनेको पाउनुहुन्छ । त्यसो किन भएको हो भने, थेरै संस्थाहरु मिलेर तपाईंको लागि लायक स्वास्थ्य सेवा प्रदान गर्छन । यो सबैलाई कसरी बुझ्ने?

## ओरेगनमा मेडीकेडलाई पिरामिडको रूपमा बुझ्न सजिलो हुन्छ |

**Oregon Health Authority (OHA)** सम्पूर्ण ओरेगन राज्यको लागि मेडीकेड कार्यक्रम संचालन गर्छ जसलाई Oregon Health Plan (OHP) भनिन्छ।

**Health Share of Oregon (HSO)** कोअर्डीनेटेड केयर अर्गनाइजेसन (CCO) हो। हेल्थ शेयर अफ ओरेगनले OHAअन्तर्गत कार्य गर्छ र ट्राई काउन्टी क्षेत्रमा OHP का सदस्यहरुलाई सेवा प्रदान गर्छ।

**CareOregon** ट्राई काउन्टी क्षेत्रमा भएका धेरै बिमा प्रदायक मध्य एक हो जसले CCO लाई सेवा प्रदान गर्न सहयोग गर्छ। यातायात सेवाहरु CareOregon बाट कभर गरिएको छ |

**तपाईंको प्राइमरी सेवा प्रदायक (PCP)** डाक्टर हुन सक्छन, नर्स प्राक्टिसनर हुन सक्छन, फिजिसियनको असिस्टेन्ट हुन सक्छन, वा न्याचुरोपाथ हुन सक्छन | उनीहरुले तपाईंको सेवा CareOregon सँग र अन्य स्वास्थ्य सेवा प्रदायक टिमहरु जस्तै डेन्टिस्ट, मानसिक सेवा प्रदायकहरु, औषधि वितरकहरु आदिसँग समन्वय गरेर प्रदान गर्छन |

## CareOregon ले यी प्रकारका सेवाहरु मेडीकेड (OHP) सदस्यहरुलाई प्रदान गर्छ ।

- शारीरिक स्वास्थ्य सेवा
- मानसिक स्वास्थ्य सेवा
- लागि औषध प्रयोग सम्वन्धि उपचार
- दाँत सम्वन्धि सेवा
- CareOregon Advantage मार्फत मेडिकेयर
- Housecall Providers मार्फत हसपिस र बृद्द ब्रिद्दालाई सेवा प्रदान गर्ने

## तपाईंले निम्न जरूरी सेवाहरु पनि लिन सक्नुहुन्छ:

- सेवा समन्वय
- औषधि
- गर्भवती र शिशुको सेवा
- यतायात बिकल्पहरु
- भाषा अनुवादक सेवाहरु
- एमर्जेंसी र अर्जेन्ट केयर

## प्रश्न छन्?

के तपाईंलाई थप जान्न रहर छ ? हाम्रो सहयोगी र मित्रवत **ग्राहक सेवा समूहलाई** फोन गर्नुहोस **800-224-4840** मा वा हामीलाई *careoregon.org/portal* मा सुरक्षित मेसेज पठाउनुहोस ।

यो तपाई अन्य भाषामा, ठुलो लिपिमा, ब्रेल लिपिमा वा अन्य तपाईले चाहेको तरिकाले पनि प्राप्त गर्न सक्नुहुन्छ तपाई अनुवादकको पनि माग गर्न सक्नुहुन्छ | यो सहयोग नि:शुल्क हो फोन गर्नुहोस 800-224-4840 वा TTY 711 |

**careoregon.org**

health share
Health Share of Oregon

CareOregon